जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः १२४ पृष्ठः ४ | २०८१ भदौ २४ गते सोमबार (Monday 09 Sep. 2024) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## गोलबजारमा निजी क्षेत्रबाट सुविधा सम्पन्न कलेज खुल्यो



सिरहा, २३ भदौ। सिरहाको गोलबजार नगरपालिका ४ स्थित माउण्ट एभरेष्ट सेकेण्ड्री वोर्डिङ्ग स्कूलले यो वर्षबाट उच्च शिक्षा अध्यापनको कार्य प्रारम्भ गरेको छ। विगत दुई दशकभन्दा लामो समयदेखि शिक्षा क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल यस स्कूलले माउष्ट एभरेष्ट इन्टरनेशनल कलेजको नाममले उच्च शिक्षामा पाइला चालेको हो। निजी क्षेत्रबाट विद्यालय शिक्षामा आफ्नो छुट्टै पहिचान बनाएका माउण्ट एभरेष्टले वीवीए (व्याचलर अफ विजनेश एडमिनिष्ट्रेशन) संकायबाट उच्च शिक्षामा पाइला चालेको कलेजका संस्थापक तथा प्राचार्य मनोज कुमार यादवले जानकारी दए।

उनले आइतबार एक प्रेस विज्ञप्ती जारी गर्दै भने, 'दुई दशकको शैक्षिक अनुभव संगालेर हामी उच्च शिक्षाको क्षेत्रमा पाइला चाल्न सपफल भएका छौं। उच्च शिक्षतर्फ हामी अव बामे सर्दै छौं। तर आगामी ५ वर्षभित्र अन्य शैकिक्षक कार्यक्रमहरु थपेर माउण्ट एभरेष्ट इन्टरनेशनल कलेजलाई शैक्षिक सम्पदाको रुपमा खडा गर्ने छौं।' जारी विज्ञप्तीमा, 'शिक्षा विशुद्ध व्यापा होइन, यो समाज, राष्ट्र र मानवताका लागि दिईने योगनान पनि हो भन्ने मान्यतालाई आत्मसाथ गर्दै हामी औचित्यपूर्ण शुल्कमा वीवीए अध्ययन अध्यापन गराउँछौं', भनिएको छ। सोही क्रममा प्राचार्य यादवले निकट भविष्यमै अन्य थप कार्यक्रमहरु पनि ल्याएर यस क्षेत्रका विद्यार्थीहरुले सहज र शुलभ तरिकाले उच्च शिक्षा अध्ययन गर्न सक्ने वातावरण वनाउने बताए। उनले आफूले नीजि लगानीमा कलेज सञ्चालन गरेको भएपनि आफूले सामाजिक दायित्व कहिल्यै नभुल्ने बताए। उनले शैक्षिक विषयबस्तुसँगै विद्यार्थीलाई योग्य व्यक्ति बनाउन आफ्नो तर्फबाट सधै प्रयत्न गर्ने प्रतिबद्धता समेत जनाए।

कलेजले यहि आर्थिक वर्षबाट राजर्षि जनक विश्व विद्यालयबाट वीवीए (व्याचलर अफ विजनेश एडमिनिष्ट्रेशन) कार्यक्रम सञ्चालन गर्ने सम्वन्धन प्राप्त गरेको हो।

## इप्रका सुपौलीबाट नागरिकता वितरण सुरु

वीरगन्ज, २३ भदौ। पर्साको इलाका प्रशासन कार्यालय सुपौलीबाट नागरिकता वितरण सहितको सेवा सुरु गरिएको छ। प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले सो कार्यालयको उद्घाटन गर्दै नागरिकता वितरणसहितको सेवा सुरु भएको बताए। उनले इलाका प्रशासन कार्यालयबाट पासपोर्ट बाहेकको सेवा प्रवाह हुने बताए। सुपौलीबाट नागरिकता वितरण, प्रतिलिपि वितरण, राष्ट्रिय परिचयपत्रसहित अन्य कागजात प्रमाणित गर्ने कार्य गरिने बताइएको छ। कर्मचारीको अभावमा ०७९ सालदेखि इलाका प्रशासन कार्यालय सुपौलीबाट गरिने सेवा प्रवाहको कार्यक्रम रोकिएको थियो। सार्वजनिक सेवा जनताको घरदैलोमा पुऱ्याउने हेतुले जिल्ला प्रशासन कार्यालयबाट हुने कामको थालनी इलाका प्रशासन कार्यालयबाट गरिएको प्रमुख जिल्ला अधिकारी भुसालको भनाइ छ।

एक जना अधिकृतसहित ७ जनाको टोली राखेर इलाका प्रशासन कार्यालयबाट सेवा सुरु गरिएको जिल्ला प्रशासन कार्यालय पर्साले जानकारी दिएको छ। सुपौली इलाकाबाट नागरिकता वितरण सहितको सेवा सुरु भएपछि ४ वटा पालिकालाई प्रत्यक्ष फाइदा पुग्ने जनाइएको छ। ठोरी, पटेर्वासुगौली, जिराभवानी र जगरनाथपुर गाउँपालिकालाई प्रत्यक्ष फाइदा हुने जिल्ला प्रशासन कार्यालयले जनाएको छ। यसअघि ०७५ सालको पुस महिनादेखि सुपौलीबाट सेवा सुरु भएपनि नागरिकता

–बाँकी दुई पेजमा

## गाउँपालिकाका तत्कालीन उपाध्यक्ष सहित ११ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं, २३ भदौ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सप्तरीको तिरहुत गाउँपालिकाका तत्कालीन उपाध्यक्ष तीर्थमान खत्वेसहित ११ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। आयोगले पालिकाको योजना अनुगमन समितिका संयोजकसमेत रहेका खत्वे, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रमेशप्रसाद यादव ११ जनाविरुद्ध गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको भन्दै विशेष अदालत काठमाण्डौमा मुद्दा दायर गरेको हो। ११ जनाविरुद्ध ६ लाख ४५ हजार ६ सय ६५ रुपैयाँ प्रतिव्यक्ति बिगो दाबी गर्दै मुद्दा दायर गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए। गाउँपालिकामा सोलार बत्ती जडान

–बाँकी दुई पेजमा

## तीन दिनमा पाँच क्विन्टल बढी गाँजा बरामद



सिरहा, २३ भदौ। सिरहा प्रहरीले कर्जन्हा नगपालिका ११ बाट आइतबार थप दुई सय ९० केजीसहित तीन दिनमा पाँच क्विन्टलबढी प्रतिवन्धित लागु गाँजा बरामद गरेको छ। विशेष सूचनाको आधारमा प्रहरीले कर्जन्हा नगपालिका ११ स्कूलटोलको झाडीमा लुकाईराखेको अवस्थामा रहेको १९ पोका दुई क्विन्टल ९० केजी गाँजा बरामद गरेको हो। यसअघि गत शुक्रवार दुई क्विन्टल १७ केजी गाँजा बरामद गरेको थियो। गोप्य सुचनाको आधारमा प्रहरी चौकी कर्जन्हा र इलाका प्रहरी कार्यालय मिर्चैयाबाट खटिएको प्रहरी टोलिले उक्त परिमाणको गाँजासँगै कारोवारमा संलग्न रहेको आशंकामा एक जनालाई नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख डीएसपी पंज कुमार बाखुले जानकारी दिए।

डीएसपी बाखुले ठाउँ सार्न

–बाँकी दुई पेजमा




GUPTA BROTHER'S AUTO TRADE
MIRCHAIYA, 9815732999, 9805973429, 033-550585

MA DHAMINI AUTO CONCERN
GOLBAZAR, 9801591693

SNEHA AUTO ZONE
SIRAHA-7, THANA CHOWK, 033-520255, 9801552815



# सम्पादकीय

## सरकारले दिएको पैसा दूध उत्पादककै हातमा परोस् !

बेलाबखत सरकारले जनहितको काम पनि गर्छ। दूध उत्पादक किसानहरूलाई तिर्न बाँकी रकम चुक्ता गर्न सरकारले दुग्ध विकास संस्थान ९डीडीसी०लाई ६० करोड ऋण दिन गरेको निर्णय यस्तै राम्रो काम हो। किसानको बाँकी पैसा तिर्न सरकारले दुग्ध विकास संस्थानलाई यो ऋण दिएको हो। तर, वितरण प्रक्रियामा राम्री निगरानी भएन भने यो रकम 'गाईको थुन न बाच्छाको मुख' हुने जोखिम देखिन्छ। दुग्ध उत्पादक किसानहरूले विभिन्न दुग्ध उद्योग र सहकारीहरूबाट भुक्तानी पाउनुपर्ने रकम नपाएपछि आन्दोलन नै गरेका थिए। सरकारले किसानहरूसँग सहमति गरे पनि भुक्तानीका लागि गम्भीर पहल गरेको थिएन।

वर्तमान सरकारले किसानको मर्का बुझेर डीडीसीलाई ऋण अनुदान दियो। अब किसानलाई तिनको बक्यौता भुक्तानी दिने दायित्व डीडीसी व्यवस्थापनको हो। डीडीसीको विगतले भने यसको व्यवस्थापनमा भर पर्न दिँदैन। हुन पनि अधिकांश सरकारी संस्थानको परम्परा र कर्मचारीको प्रवृत्ति हेर्दा सबै किसानले बाँकी रकम भुक्तानी पाउछन् भनेर ढुक्क हुन सकिँदैन। विभिन्न बहानामा पैसा जति कर्मचारीकै तलबभत्तामा खर्च गरिन सक्छ। यसैले सरकारले साँच्चै नै किसानले बाँकी रकम भुक्तानी पाउन् भन्ने ठानेर ऋण दिएको हो भने रकम वितरण प्रक्रियामा पनि सक्रिय निगरानी गर्नुपर्छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यसमा पूर्वक्रियाशीलता देखाओस्।

कृषि मन्त्रालयले नै पैसा पाउनुपर्ने किसानको नामावली हेरेर उनीहरूकै हातमा पैसा पर्नेगरी रकम उपलब्ध गराउनु उचित हुनेछ। बीचका धेरै तह पार गर्दागर्दै कतै किसानहरूले फेरि आन्दोलन गर्नुपर्ने अवस्था उत्पन्न नहोस्। डीडीसी र दुग्ध सहकारीहरूको समेत सहयोग लिएर स्थानीय तहको रेखदेखमा रकम वितरण गरे किसानले पैसा पाउने सम्भावना धेरै हुनेछ। यसैले मन्त्रालय वितरणको सक्रिय निगरानी गर्न पनि तत्पर हुनुपर्छ। किसानहरूसँग उधारोमा किनेर नाफासहित हाताहाती बेच्दा पनि दूग्ध विकास संस्थानले करोडौं रुपियाँ तिर्न बाँकी रहनुको कारण बुझ्न सकिँदैन। किसानको पैसा संस्थानले हिनामिना नगरेको भए यस्तो अवस्था पक्कै आउने थिएन।

डीडीसीले उत्पादित दुग्ध पदार्थ बिक्री नभएकाले नगद अभाव भएको स्पष्टीकरण दिएको छ। यसले डीडीसीको बजार व्यवस्थापन रणनीति कमजोर भएको देखाउँछ। सरकारी संस्थान कर्मचारीको बोझ र भ्रष्टाचार त हुने नै भयो। सरकारले सधैं ऋण दिँदैन। यसैले संस्थानलाई जिउँदै राख्ने हो भने डीडीसीले व्यावसायिक संस्थाका रूपमा कारोबार गर्न थाल्नुपर्छ। कर्मचारी कटौती, उन्नत प्रविधि तथा चुस्त व्यवस्थापन अपनाएमात्र संस्थान स्वायत्त र सक्षम हुनसक्नेछ र उधारो तिर्न ऋण लिइरहनुपर्ने छैन।






### तीन दिनमा ....

तस्करहरुले फाडीमा लुकाएको हुन सक्ने आशंका व्यक्त गरे। उनले भने, 'प्रहरीले ठाउँ एकीन भएको आशंकामा तस्करहरुले सामान सारेको हुन सक्छ। तर प्रहरी आउनसक्ने जानकारी पाएपछि फाडीमै छोडेर भागेको हुनसक्छ।' उनले अहिले आशंकाको आधारमा पक्राउ गरिएपनि मुख्य कारोवारिहरुको पहिचान भईरहेकोले उनीहरुलाई पनि चाँडै पक्राउ गर्ने बताए।

प्रहरीले शुक्रवारका दिन गाँजासँगै ओसार-पोसारमा संलग्न रहेको आशंकामा भारतको विहार राज्य, जिल्ला मधुबनि बलरा थाना १२ नम्बर वडाका २० वर्षिय किसुन मुखिया, मकवानपुर मनहरी गाउँपालिका ९ का ६२ वर्षिय खडक बहादुर तामाङ र स्थानीय ४० वर्षिया चानो देबी मुखियालाई अनुसन्धानको लागि नियन्त्रणमा लिएको छ।

स्थानीय एक स्रोतका अनुसार यहाँ १० क्विन्टल गाँजा भित्रियको छ। प्रहरीले शुक्रवार पक्राउपरेकाहरु सँगको अनुसन्धानका आधारमा थप गाँजा र मानिस नियन्त्रणमा लिएको बताइएको छ।

### गाउँपालिकाका...

गर्ने योजनामा नापी किताबअनुसार कार्य नगरेको तथा वास्तविक कार्यभन्दा बढी भुक्तानी भएको ठहर गरेको अख्तियारले जनाएको छ।

# मन्त्रीले 'आइजिपीको जिब्रो थुत्ने' भन्दा पनि सबै किन मौन?

**शिवजी श्रेष्ठ**

केही दिनअघि नेपाल सरकारका प्रवक्ता समेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरूङले नेपाल प्रहरीका आइजिपीको जिब्रो थुत्नुपर्छ भनेर सार्वजनिक रूपमा बोलेको भनेर सञ्चारमाध्यममा आयो। मन्त्री गुरूङले प्रहरी महानिरीक्षकले प्रहरी समायोजनमा असहयोग गरेको आरोप लगाउँदै पोखरामा भनेका थिए, 'अहिले प्रहरीको आइजिपीले के भन्नुभयो? म यो कानुन लागू नै गर्दिनँ भन्नुहुन्छ। त्यस्तो बोल्न पाउने कि नपाउने? त्यसको जिब्रो थुत्नुपर्थ्यो मैले भन्दाखेरि। सरकारको नीतिको, व्यवस्थाको विरूद्धमा एउटा संस्थाको प्रमुखले बोल्न पाउँदैन नि ! प्रहरी ऐन ल्याउँदै ल्याउँदिनँ भन्ने टाइपको बोल्यो रे भन्ने सुनेको मैले...' मन्त्रीको यो भनाइ अशोभनीय मात्र नभएर अचम्मलाग्दो पनि थियो। त्यसै भएर होला प्रधानमन्त्रीले चासो राख्दै मन्त्री गुरूङलाई सचेत गराएको भन्ने समाचार आयो।

पूर्वआइजिपीहरूको संगठन पूर्वप्रहरी संगठन प्रमुख मञ्चले सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरूङले माफी माग्नुपर्छ भन्यो। नेपाल पूर्वप्रहरी कर्मचारी परिषदले मन्त्री गुरूङमाथि कारबाहीको माग गऱ्यो। नेपाल पूर्वप्रहरी संगठनले 'आपत्तिजनक' शब्द फिर्ता लिन माग गऱ्यो। विगतदेखि नै नेपालमा प्रहरीमाथि चारैतिरबाट प्रहार हुँदै आएको छ। प्रहरीलाई कमजोर बनाएर आफूलाई शक्तिशाली ठान्नु नेताहरूको पुरानै सोच हो। वरिष्ठ मन्त्रीले सरकार मातहतको एउटा सुरक्षा निकायको प्रमुखका बारेमा बोलेका कुराले विशेष अर्थ राख्छ। सरकारको उपस्थिति देखाउने भनेकै सुरक्षा स्थितिले हो। नागरिकको जनधनको सुरक्षा गर्ने काम प्रहरीको हो। सुरक्षा राम्रो छ भने जनतामा सरकार रहेको अनुभूति हुन्छ।

सुरक्षा स्थिति राम्रो नहुँदा जति नै सुविधा वा विकास भए पनि जनतामा सरकारको उपस्थिति महसुस हुँदैन। संसारका विकसित मुलुकहरूमा सरकारको पहिलो प्राथमिकता सुरक्षा नै हुन्छ। सुरक्षा निकायलाई बलियो र सुविधा सम्पन्न बनाउने प्रयास भएको हुन्छ। विकसित मुलुकका सरकारले प्रहरीको काममा दखल नदिने अहस्तक्षेपकारी नीति अवलम्बन गर्ने गरेको देखिन्छ। यसबाट प्रहरीको मनोबल अभिवृद्धिमा मद्दत पुग्छ। नेपालमा भने ठीक विपरीत देखिन्छ। प्रहरीलाई सरकारले जुनसुकै बेला, जसरी पनि दबाब र प्रभावमा राख्ने गरेको छ। गृहमन्त्रीले आफ्नो चाहनाअनुसार प्रहरी प्रमुख समेत परिवर्तन गर्ने प्रयास गरेको हुन्छ। केही महिनाअघि पुष्पकमल दाहाल 'प्रचण्ड' सरकारका गृहमन्त्री रवि लामिछानेले आफ्नो 'स्पिरिट' मा हिँड्न नसकेको भनेर आइजिपी परिवर्तन गर्न खोजेको भन्ने समाचार आएको थियो। त्यस सम्बन्धमा प्रधानमन्त्रीले तीनवटा सुरक्षा निकायका प्रमुखहरू आफूलाई भेट्न आएको र आफूले आश्वस्त पारेर पठाएको भनेर स्पष्टीकरणको शैलीमा बोल्नुपरेको थियो।

प्रहरी अधिकारीहरूमा आफ्नो जागिर सुरक्षाको अनुभूति नहुँदा उनीहरूको कार्यशैलीमा असर पर्ने गरेको देखिन्छ। यसैकारण गृहमन्त्रीसँग आफ्नो दुरी नबढोस् भन्नेमा प्रहरी प्रमुखहरू बढी सचेत देखिन्छन्। आफूमा निहित सरूवा–बढुवाको अधिकार प्रयोगमा पनि गृहमन्त्रीको मुख ताकेर बसेका हुन्छन्। नेपालको प्रहरी राजनीतिक नेतृत्वबाट बेहद थिचिएको छ। सुरक्षासम्बन्धी कुनै घटनाको अनुसन्धान गर्ने सम्पूर्ण अधिकार प्रहरीलाई छ। त्यो अधिकार प्रयोग गर्न प्रहरी स्वतन्त्र छ भन्नेमा प्रहरी अधिकारी र राजनीतिक नेतृत्व भलिभाती जानकार छन्। यस अवस्थामा पनि राजनीतिक नेतृत्वका गृहमन्त्री अघि सरेर 'घटनाको छानबिन गर्न र कारबाही गर्न निर्देशन दिएको छु' भनेर मिडियामा बोल्दै हुन्छन्। के प्रत्येक आपराधिक घटना छानबिनमा प्रहरीले गृहमन्त्रीको आदेश कुर्नुपर्छ ?

पर्ने होइन तर राजनीतिक नेतृत्वको नजरमा प्रहरीले आफ्नो काम गर्न गृहमन्त्रीको आदेश लिनुपर्छ। गृहमन्त्रीले प्रहरी मेरो आदेशमा चलेको छ भन्ने देखाउनुपरेको हुन्छ। बेलायतमा गत महिना साम्प्रदायिक तवरले ठाउँठाउँमा दंगा भड्किन सुरू भयो। गृहमन्त्री येभेट कुपरले प्रतिक्रिया दिए – यी घटना नियन्त्रण गर्न बेलायती प्रहरी सक्षम छ। प्रधानमन्त्री कियर स्टार्मरले भने – बेलायती सरकार प्रहरीले चालेको कदमको साथमा छ, प्रहरीलाई आवश्यक पर्ने सबै सहयोग गर्न सरकार तयार छ। बेलायती प्रधानमन्त्री र गृहमन्त्रीले प्रहरीलाई निर्देशन दिएको कुरा गरेनन्, प्रहरीको काममा सरकारले सहयोग गर्ने बताए, प्रहरी सक्षम छ भने। उनीहरूलाई थाहा छ, कानुनतः सुरक्षासम्बन्धी काम गर्न प्रहरी संगठन सक्षम र स्वतन्त्र छ। प्रहरीले कानुनअनुसार काम गर्छ, त्यसमा सरकारले आवश्यक सहयोग गर्छ।

नेपालमा प्रधानमन्त्री र गृहमन्त्री बेलायती समकक्षीभैँ बोल्छन्? उनीहरूले भैँ प्रहरीमाथि विश्वास गर्छन्? मन्त्री गुरूङले नेपाल प्रहरीका आइजिपीको 'जिब्रो थुत्नुपर्ने' भनिदिए। कुनै व्यक्ति विशेषको हकमा पनि 'जिब्रो थुत्नुपर्ने' भन्न निकै होस पुऱ्याउनुपर्छ। देशको आन्तरिक सुरक्षाको जिम्मा लिएको प्रहरी प्रमुखका बारेमा मन्त्रीले कसरी त्यसो भन्न सके? त्यसो भन्नु मन्त्रीको मर्यादाअनुकूल हो? आइजिपीको मर्यादा अनुकूल हो?

जसले पनि भन्न सक्छ – होइन। बेलायत वा युरोपको कुनै देशका मन्त्रीले यस्तो बोलेका भए ढुक्कले आफ्नो पदमा बसिरहन्थे होला कि नैतिकताको बोझले थिचिएर बाहिरिसकेका हुन्थे? तिनको राजनीतिक भविष्य के हुँदो हो? जबाफ सहजै अनुमान गर्न सकिन्छ। तत्कालीन गृहमन्त्री गोविन्दराज जोशीले तत्कालीन विद्रोही माओवादीले डोल्पाको दुनैमा आक्रमण गर्दा सेनाले प्रहरीलाई सहयोग नगरेको भनेर तत्कालीन शाही नेपाली सेनाको भूमिकामा प्रश्न उठाउँदा दरबारले प्रधानमन्त्रीसँग असन्तुष्टि जनाएको थियो। त्यसै कारणले गृहमन्त्री जोशीले २०५७ असोज १३ गते राजीनामा दिनुपरेको थियो। गणतन्त्रकालमा तत्कालीन रक्षामन्त्री ईश्वर पोखरेलले नेपाली सेनामाथि टिप्पणी गर्दै 'लकिरका फकिर' भनेपछि रक्षामन्त्री पदबाट सरूवा हुनुपरेको थियो। मन्त्री पोखरेलले त्यसो भन्दा केपी ओली नै प्रधानमन्त्री थिए।

अर्कै मन्त्रालयको मन्त्रीले प्रहरी प्रमुखका बारेमा आपत्तिजनक शब्द प्रयोग गर्दा पनि प्रधानमन्त्री 'सचेत' गराउनमा सीमित रहे। यसबाट बुझिन्छ, राजनीतिक नेतृत्वका नजरमा प्रहरी संगठन र त्यसका प्रमुख आदेशापालक मात्र हुन् ! गृहमन्त्रीले भनेपछि आइजिपीले खुरूखुरू मान्नुपर्छ ! अरू मन्त्रीले जहाँ, जति बेला, जे टिप्पणी गरे पनि हुन्छ जति अपमान गरे पनि छुट हुन्छ ! मन्त्री गुरूङको आपत्तिजनक अभिव्यक्तिप्रति गृहमन्त्री पनि मौन छन्। प्रहरी प्रमुखले कहाँ असन्तुष्टि जनाउने? मन्त्रीको आपत्तिजनक अभिव्यक्तिबारे कहाँ प्रतिक्रिया जनाउने? प्रहरी संगठनले कुन मनोबलले काम गर्ने ? राजनीतिक नेतृत्वबाट जति नै आपत्तिजनक अभिव्यक्ति आए पनि प्रहरी संगठन मौन र शान्त रहने गरेको छ। मौन रहँदा स्वीकारोक्तिको अर्थ लाग्न पनि सक्छ। ऐन र नियमावलीले बाँधिएको प्रहरी अनुशासनको परिधिमा हुन्छ। प्रहरी संगठनबाट प्रतिक्रिया आएन भन्दैमा जे बोले पनि हुन्छ, संगठन जसरी चलाए पनि हुन्छ भन्ने ठान्नु राजनीतिक नेतृत्वको अबुझपन हो।

मन्त्री गुरूङको भनाइमा पूर्वप्रहरीहरूले आफ्नो सरोकार प्रकट गरिसकेका छन्। यसलाई गम्भीरतापूर्वक लिनु र आफ्नो अभिव्यक्तिमा लगाम लगाउनु राजनीतिक नेतृत्वको बुद्धिमानी हुनेछ। नेपालको प्रहरी ऐनले भन्दा पनि नियमावलीले बढी चलेको, चलाइएको छ। नियमावलीमा बढी अधिकार छ। नियमावली सरकारको स्वेच्छाले जुनसुकै बेला संशोधन हुन सक्छ। नेपाल सरकारले त्यसै गर्ने गरेको छ। राजनीतिक नेतृत्वले जुनसुकै बेला प्रहरी चलाएकै छ। प्रहरी अधिकारीहरूलाई नेताका ढोका धाउन बाध्य पारेकै छ।

यस्तो तरलताको अवस्थामा प्रहरी अधिकारीहरू हमेसा असुरक्षित महसुस गर्छन्। मनमा पेसागत जीवनको असुरक्षाभाव भएको प्रहरी अधिकारीले ढुक्कले आफ्नो जिम्मेवारी पूरा गर्न सक्दैन। कानुनी रूपमा निर्बल प्रहरी संगठनले पूरा विश्वासका साथ काम गर्न सक्दैन। प्रहरी अधिकारीहरू नयाँ गृहमन्त्री को आउने हो र मलाई कहाँ पुऱ्याउने हो भन्ने भयमा हुन्छन्। बेलायतमा गत जुलाई ४ को निर्वाचनपछि करिब डेढ दशक सरकार चलाएको कन्जरभेटिभ पार्टी बाहिरिएर लेबोर पार्टीको सरकार गठन भयो। नयाँ प्रधानमन्त्री र नयाँ गृहमन्त्री आए। त्यसको केही दिनपछि ब्रिटिस हयाम्प्सायर प्रहरीका सल्लाहकार सहित प्रहरी प्रमुखको बैठक भयो।

बैठकपछि मैले प्रसंगवश् प्रहरीका उपप्रमुख असिस्टेन्ट चिफ कन्स्टेबललाई मैले सोधेँ – अब प्रहरीभित्र पनि केही परिवर्तन हुन्छ कि? उनले ढुक्कले भनिन्, 'हामीलाई केही असर हुँदैन, हामीलाई मतलब पनि हुँदैन। प्रहरी कानुनबाट निर्देशित हुन्छ। सरकार र गृह मन्त्रालयको काम नीति बनाएर दिने हो। नीति पनि प्रहरीसँग सल्लाह गरेर मात्र बन्छ।' उनले प्रहरीहरूलाई गृहमन्त्री को छन् भन्ने चासो पनि हुँदैन भनिन्। यति कुराकानीपछि मैले आफ्नो देशका सरकार, गृहमन्त्री र प्रहरी संगठन सम्भेँ। सरकारमा जो भए पनि ऐनबाहिरबाट प्रभावित नभई ढुक्कले काम गर्ने वातावरण हुनुपर्छ। प्रहरी संगठन र प्रहरी अधिकारीहरूलाई ऐनले स्थायी र निस्पक्ष बनाउनुपर्छ। प्रहरीलाई सरकार परिवर्तन र गृहमन्त्री परिवर्तनप्रति निरपेक्ष राख्नुपर्छ।

सर्वोच्च अदालतले करिब एक दशकअघि नै नेपाल सरकारलाई प्रहरीको वृत्ति विकास लगायतका मूलभूत पक्षहरू ऐनमा नै व्यवस्था गर्न आदेश दिएको हो तर सरकारले आदेशअनुसार काम गरेको छैन। गर्न नचाहेको पनि हुन सक्छ। सरकारलाई मौखिक आदेशमा चल्ने प्रहरी चाहिएको छ। सर्वोच्च अदालतले भने अनुसार ऐन बनाउँदा मौखिक आदेश तथा प्रधानमन्त्री र गृहमन्त्रीको तजबिजी अधिकारबाट प्रहरी मुक्त हुन्छ। तजबिजी अधिकारमा राजनीतिक नेतृत्वले प्रहरी अधिकारीहरूको फुली थुत्ने गरेकै थियो, अब त प्रहरी प्रमुखको जिब्रो नै थुत्ने कुरा हुन थाल्यो। यसरी त प्रहरी संगठन बलियो हुँदैन, सुरक्षा पनि बलियो हुँदैन।

### इप्रका सुपौलीबाट...

वितरणको काम भएको थिएन। उद्घाटन कार्यक्रममा पर्साका प्रहरी प्रमुख कुमोध ढुंगेलसहित अन्य सरकारी कर्मचारीका प्रतिनिधि एवम् राजनीतिक दलका प्रतिनिधिहरूको सहभागिता थियो।

यसैबिच सुपौली इलाका स्थापनाका लागि जग्गा उपलब्ध गराउने चार जना जग्गाधनीलाई जिल्ला प्रशासन कार्यालय पर्साले सम्मान गरेको छ। प्रमुख जिल्ला अधिकारी भुसालले जग्गाधनी प्रभु चौधरी, बिन्दु चौधरी, अनरकलिया गुरो र धर्मेन्द्र गुरोलाई सम्मान गरेका हुन्।

> बालबालिकाले आफै मोबाईल चलाउँदैनन्। अभिभावकले अत्याधिक मोबाईल प्रयोग गर्दा उनीहरुले पनि देखेर सिक्छन् र लत बस्छ।

# कस्तो व्यक्तिलाई हड्डी क्यान्सर हुने जोखिम हुन्छ ?

**डा. समिम अख्तर**
कन्सल्टेन्ट मेडिकल अन्कोलोजिस्ट

सार्कोमा भनेको मांसपेशी तथा हड्डीमा अनियन्त्रित कोष वृद्धि भई हुने क्यान्सर हो। यो क्यान्सर नरम मांसपेशी, हड्डी, बोसो, तन्तु, रक्तनली, स्नायु र जोर्नीको भागमा हुनसक्छ। सबैभन्दा बढी हड्डीमा हुने नरम कोषिकामा यो क्यान्सरको कोष तीव्र रुपमा विकास हुन्छ। सुरुमा यो क्यान्सर 'कनेक्टिभ टिस्यु' (दुई अंग जोड्ने तन्तु)मा विकसित हुन्छ। त्यसपछि बिस्तारै बिस्तारै अन्य क्षेत्र फैलिन थाल्छ। यो क्यान्सरपछि गएर फोक्सोमा फैलिन्छ। यो क्यान्सर दुर्लभ तर निकै घातक मानिन्छ। किनकि यो क्यान्सरको ७० भन्दा बढी प्रकार छ। जसमध्ये नरम तन्तु 'सफ्ट टिस्यु सार्कोमा' र हड्डीमा हुने 'अस्टियो सार्कोमा' गरी दुई प्रकार मुख्य मानिन्छ। वयस्क बिरामीहरुमा क्यान्सरमध्ये एक प्रतिशत र बालबालिकामा १५ प्रतिशत सार्कोमा हुने गरेको छ।

ओस्टियो सार्कोमा, एन्जीओ सार्कोमा, कोन्ड्रो सार्कोमा, कोन्ड्रोमा, फाइब्रो सार्कोमा, इविङ सार्कोमा, लियोमायो सार्कोमा, लिपो सार्कोमा, मेलिग्नेन्ट, पेरीफेरल नर्भ लगायत सार्कोमाका विभिन्न किसिम छन्। जसमध्ये ओस्टियो सार्कोमा सबैभन्दा बढी देखा पर्छ।

**सार्कोमा क्यान्सर कसरी हुन्छ ?**

मांसपेशीको सबैभन्दा सानो एकाईलाई सार्कोमेयर भनिन्छ। सार्कोमेयर एक्टीन फिलामेन्ट र मायोसिन फिलामेन्ट जस्तो तत्व मिलेर बनेको हुन्छ। एक्टीन पातलो हुन्छ भने मायोसिन मोटो हुन्छ। यी दुवैको क्रियाकलापले मांसपेशी खुम्चिने र तन्किने हुन्छ। यो भागको मांसपेशी र हड्डीको कोषिकामा खराबी भई डीएनएको संरचनामा त्रुटि भएमा सार्कोमा हुन्छ। मांसपेशी र हड्डीको कोषिकाहरु अनियन्त्रित रुपमा बढ्छन्। जटिल किसिमको डल्लो ट्युमर मांसपेशी र हड्डीमा देखा पर्छ। सार्कोमा क्यान्सरले नजिकैको अन्य स्वस्थ अंगलाई छेड्न सक्छ। यो रगतको माध्यमबाट त्यस वरपरको अंगमा फैलिन सक्छ।

**क्यान्सरको कारक तत्व**

सार्कोमाको ठोस कारण कुनै पनि अध्ययन तथा अनुसन्धानले पत्ता लगाइसकेको छैन। तर यसको विकास गराउन सक्ने केही कारक छन्।

- रासायनिक पदार्थहरुको सम्पर्कमा आउनु जस्तो कि प्लास्टिक उत्पादन, कीटनाशक औषधिको प्रयोग, पेट्रोलियम पदार्थहरू र रंग रोगनका सामग्रीहरु
- न्युरोफिब्रोमाटोसिस, गार्डनर सिन्ड्रोम र ली–फ्राउमेनी सिन्ड्रोम जस्ता वंशाणुगत रोग

**लक्षण**

केही बिरामीमा सुरुवातमा कुनै लक्षण देखिंदैन वा हल्का लक्षण देखिन्छ। सार्कोमा क्यान्सर हुँदा छालामुनि, हातखुट्टा, हड्डीमाथि र शरीरका अन्य भागमा मासुको गाँठो जस्तो देखिन्छ। सो गाँठो दुख्ने र नदुख्ने दुवै खालको हुनसक्छ। त्यस्तै, समय बित्दै गएपछि मन्द–मन्द ज्वरो आउनु, हातगोडा चलाउन गाह्रो हुनु, भोक नलाग्नु र तौल घटाउनु यसको प्रमुख लक्षण हुन्।

**सार्कोमाको परीक्षण**

डल्लो निस्केको हातखुट्टाको एक्स–रे, सिटी स्क्यान, एमआरआई, बन स्क्यान, पीईटी सीटी स्क्यान र बायोप्सी जस्ता परीक्षण हुन्छ। यीमध्ये एमआरआई सबैभन्दा महत्वपूर्ण र उपयोगी परीक्षण हो। यसबाट क्यान्सर मांसपेशीमा कति भाग फैलिएको, हड्डीमा छेडेको, हड्डी भित्र कि बाहिर छ भनेर स्पष्ट जानकारी पाउन सकिन्छ।

**उपचार**

**शल्यक्रिया :** सार्कोमाको प्रमुख उपचार शल्यक्रिया हो। यसमा क्यान्सर पहिचान भएको डल्लोको पूरै भाग झिकिन्छ। यदि हातखुट्टाको पूरै भागमा सार्कोमा क्यान्सर भए क्यान्सर भएको सबै भाग नै फाल्नुपर्ने हुनसक्छ।
सम्भव भएसम्म हातखुट्टाको केही अंग जोगाउन प्रयास गरिन्छ।

**केमोथेरापी :** सार्कोमा भइसकेपछि केमोथेरापी पनि आवश्यक पर्छ। यो थेरापीमा कडा खालका औषधि डक्सोरुबिसिन र आईफस्फामाइडको प्रयोगले क्यान्सरको कोषिकाहरु नष्ट गरिन्छ।

**इम्युनोथेरापी :** यो औषधि केमोथेरापी भन्दा केही फरक छ। इम्युनोथेरापीमा प्रयोग हुने एटेजोलिजुमाब, पेमब्रोलिजुमाब, डेनोसुमाबले शरीरको रोगसँग लड्ने कोषिकाहरुलाई बलियो बनाउँछन्। यी औषधिहरुले केमो जस्तो तीव्र र गम्भीर साइड–इफेक्ट बनाउँदैन।

**टरगेटेड थेरापी :** यसमा नयाँ तथा धेरै प्रभावकारी औषधिको प्रयोग हुन्छ।

**रेडिएसन थेरापी :** क्यान्सर भएको अंगलाई विकिरणको माध्यमबाट सेकाइन्छ। जसले क्यान्सरका कोषिकाहरुलाई निष्क्रिय पारिन्छ।

**जटिलता**

यदि यो क्यान्सरको बेलैमा उपचार नभए शरीरको अन्य भागमा फैलिने डर हुन्छ। अन्य भागमा फैलिएपछि उपचार गराउने अवस्था हुँदैन। त्यसैले यस्तो शंकास्पद छाला वा हड्डीमा मासुको डल्ला देखिए तुरुन्त परीक्षण गराइहाल्नुपर्छ।

# महोत्तरीमा ७ वर्षअघि बनेको पुल प्रयोगविहीन

*महोत्तरीको बडहडी खोलामा सात वर्षअघि बनाइएको पुल एकातिर, सडक अर्कोतिर छ। पुल प्रयोगमा नआउँदा स्थानीयले सास्ती व्यहोरिरहेका छन्।*

**शैलेन्द्र महतो**



जनकधाम, २३ भदौ। महोत्तरीको भंगहा नगरपालिका वडा नम्बर ४ को रामनगरविर्ता र ५ को सितापुर बीचमा रहेको बडहडी खोलामा सात वर्ष अघि बनेको पुल अझै प्रयोगमा आउन सकेको छैन। तत्कालीन जिल्ला विकास समिति (जिबिस) महोत्तरीबाट २०७४ सालमा निर्माण सम्पन्न भएको यो पुलको पूर्वतर्फ सडक नहुँदा प्रयोगमा आउन नसकेको हो। पुल अलपत्र हुँदा जोखिम मोलेर खोला तर्नुपर्ने बाध्यता छ। 'बनेको सात वर्ष भयो। तर सञ्चालनमा आएन। पुल बने पनि हामीलाई दुःख उस्तै छ,' स्थानीय समिर मन्सुर गुनासो गर्छन्। महोत्तरीको गौशालादेखि धनुषाको सिक्सलेन सखुवा महेन्द्रनगरमा जोडिने यो सडकमा बनेको पुलको पूर्वतिर सडक नै छैन। सडक अलि उत्तरपट्टि छ।

वडा नम्बर ५ का बासिन्दा शनिचर सदा पुल एकातिर सडक अर्कोतिर हुँदा आवत–जावत गर्न कठिन भएको बताउँछन्। सदा भन्छन्, 'हेर्नुस् यहाँ बाटो छ, पुल उता छ। पुलमाथि चढ्ने बाटो नै छैन। कसरी त्यसमा आबत जावत गर्ने ?' यो पुल जिल्ला विकास समिति (जिविस) महोत्तरीबाट २०७४ मा बनेको थियो। २९ असार २०७१ मा ठेक्का सम्झौता गरेर इलिट कन्सट्रक्सन, काठमाडौंले २ करोड ६२ लाख ४३ हजार १६ रुपैयाँ ५२ पैसामा ५० मिटर लामो पुल बनाएको हो। पूर्वाधार विकास कार्यालय महोत्तरीका इन्जिनियर विरेन्द्र साहका अनुसार सुरुमा २ करोड ४२ लाख ५९ हजार १३३ रुपैयाँ ८० पैसामा २८ असोज २०७२ मै पुल निर्माण गरिसक्ने सम्झौता कम्पनीसँग भएको थियो। तर उसले चार वर्ष लगाएर आर्थिक वर्ष २०७४/७५ मा पुल निर्माण सम्पन्न गर्यो। भेरियसन मार्फत ठेकेदार कम्पनीलाई थप २० लाख रुपैयाँ दिनुपर्ने भयो। हालसम्म निर्माण कम्पनीले २ करोड २४ लाख भुक्तानी पनि पाइसकेको इन्जिनियर साहले बताए।

निर्माण कम्पनीका प्रतिनिधि दिपेन्द्र झाका अनुसार २०७४ को जेठमा पुल निर्माण सम्पन्न भएको थियो। सञ्चालनको तयारीमा रहेकै बेला त्यसै वर्ष आएको ठूलो बाढीले पुलको पूर्वतर्फको विङ्गल बगायो। सरकारले बजेट नछुट्याउँदा मर्मत अभावमा पुल सञ्चालनमा नआएको उनको भनाइ छ। 'पुल सञ्चालनको तयारी थियो। तर ठूलो बाढी आउँदा पूर्वतर्फको विङ्गल नै बगाइदियो। संघीयतापछि जिविस पनि विघटन भयो। सरकारले बजेट छुट्याएन। जसको कारण मर्मत गरेर पुल सञ्चालन हुन सकेन। हाम्रो भुक्तानी पनि बाँकी रह्यो' उनले भने। अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा भौतिक पूर्वाधार कार्यालय जनकपुरबाट छुट्याएर महोत्तरीमा छुट्टै स्थापना गरिएको छ। अब फाइल पूर्वाधार कार्यालय महोत्तरीमा लगिएको छ।

निर्माण व्यवसायी झाले जिविसले उपलब्ध गराएको डिपीआर अनुसार नै पुल निर्माण गरेको तर्क गरे। 'बाटो अनुसार नै बन्नुपर्छ भन्ने छैन। हल्का बाङ्गो भएर पनि पुल निर्माण गर्न सकिन्छ। डिपीआर अनुसार पुल निर्माण गरेका हौं,' उनले भने, 'बाढीले पूर्वतर्फको विङ्गल बगाउँदा सञ्चालनमा आएन। नत्र पुल सञ्चालनमा हुन्थ्यो।' पुलको पचास मिटर पूर्व भंगहा नगरपालिका कार्यालय छ। तर नगरपालिकाले पनि मर्मत गरेको छैन। अन्य निकायले बनाएको पुल भएका कारण नगरपालिकाले मर्मतका लागि लगानी नगरेको भंगहाका मेयर सञ्जिवकुमार साहको तर्क छ। पुल सञ्चालनका लागि प्रदेश सरकारमा पटकपटक गएर मर्मत गरी सञ्चालनमा ल्याउन पहल भने गरेको उनी बताउँछन्।

'पुल जिविसले बनाएको छ। त्यसमा नगरपालिकाले लगानी गरेर सञ्चालनमा ल्यायो भने दोहोरो लगानीको कारण फँस्ने सम्भावना छ। अख्तियारमा उजुरी पर्यो भने हामीले झेल्नुपर्छ' मेयर साहले भने, 'प्रदेश मातहतमा यो योजना गइसकेकाले पटक–पटक भौतिक पूर्वाधार मन्त्रालयमा गएर मर्मत गरी सञ्चालनमा ल्याउन पहल गरें तर अहिलेसम्म काम भएन।' पूर्वाधार विकास कार्यालयका इन्जिनियर साहले चालु आर्थिक वर्षमा पुल मर्मतका लागि डेढ करोड रुपैयाँ विनियोजन गरिएको बताए। उनले भने, 'त्यो पुल सञ्चालनमा ल्याउन यस वर्ष एक करोड ५० लाख रुपैयाँ विनियोजन गरिएको छ। यसपालि सञ्चालनमा आउन सक्ने सम्भावना छ।'

# मुस्लिम समुदायका जुम्ल्याहा छोराले पाउँदैछन् एमबीबीएसको छात्रवृत्ति



वीरगञ्ज, २३ भदौ। पर्साको पकाहाँमैनपुर गाउँपालिका–४ लाहावरथकरी स्थायी घर भई हाल श्रीपुर वीरगञ्जमा बसोबास गर्ने फिरोज राकीको परिवारमा गत शुक्रबारदेखि छुट्टै खुसी छाएको छ। उनका जुम्ल्याहा छोरा नसिम राकी र असिम राकीले चिकित्सा शिक्षा स्नातक तह (एमबीबीएस)को प्रवेश परीक्षामा छात्रवृत्तिका लागि योग्य भएसँगै परिवारमा एकैसाथ हर्ष र खुसी छाएको हो। चिकित्सा शिक्षा आयोगले गत भदौ १४ गते शुक्रबार सार्वजनिक गरेको एमबीबीएसको प्रवेश परीक्षामा राकीका छोरा नसिम राकीले १५८.२५ अंक ल्याएर देशैभरिमा ५४औँ स्थानमा नाम निकालेका छन्। त्यस्तै उनका अर्का छोरा असिम राकीले पनि १३८.२५ अङ्क ल्याएर तीन सय ७३औँ स्थानमा नाम निकालेका थिए।

आयोगले भदौ १४ गते सार्वजनिक गरेको नतिजामा सामान्य त्रुटि भएको भन्दै भदौ १६ गते नतिजा सच्याएसँगै असिमले प्राप्त गरेको स्थान तीन सय ६८औँ कायम भएको छ। यद्यपि आयोगले नसिम र असिमले पढ्ने मेडिकल कलेजको सूची भने सार्वजनिक गरिसकेको छैन। राकीका जुम्ल्याहा सन्तानले आरक्षणको कोटामा पनि फर्म भरेकाले पनि छात्रवृत्ति पाएर 'एमबीबीएस' जस्तो प्रतिष्ठित शिक्षा निःशुल्क अध्ययन गर्ने लगभग निश्चित जस्तै छ। मुस्लिम समुदायबाट प्रतिनिधित्व गर्ने राकी परिवारमा खुसी छर्ने काम भने उनकै सन्ततिले गरेका हुन्। 'जेठी छोरी डाक्टर नबु र माइला छोरा समिरले पैसा तिरेरै एमबीबीएस अध्ययन गरिरहेका छन', उनले भने, 'यसपाली त जुम्ल्याहा छोराले झनै छात्रवृत्तिमा नै नाम निकालेपछि त झनै हर्षित भएका छौं।'

फिरोज राकी र नसिमा प्रविण त्यस्ता भाग्यमानी बुबाआमा हुन् जसको कोखबाट जन्मिएका चारै सन्तानले एमबीबीएस जस्तो प्रतिष्ठित शिक्षा पढ्ने अवसर पाउँदैछन्। 'मेरा चारै सन्तान एमबीबीएस अध्ययन गर्ने अवसर पाएका छन', उनले भने, 'मुस्लिम समुदायभित्र रहेर पनि छोराछोरीलाई असल संस्कारसहितको शिक्षादीक्षा दिएकै कारणले यो सम्भव भएको हो।' गत वर्ष पनि जुम्लाहा छोराले शुल्क तिरेर एमबीबीएस पढ्नेमा नाम निकालेका थिए। तर, शुल्क तिरेरै पढ्नु भएन। थप एक वर्षको मेहनतपछि दुवै छोराले छात्रवृत्तिमा नै पढ्ने अवसर जुरेको छ।

एमबीबीएसको प्रवेश परीक्षामा हालसालै नाम निकालेका नसिम राकीले दोस्रो प्रयासमा मात्रै पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल भएको बताए। 'अघिल्लो वर्ष पनि इन्ट्रान्स परीक्षा दिएका थियौँ। तयारी र समय अभावका कारणले पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सकेनौँ', उनले भने, 'बुबाआमाको प्रेरणा र आफ्नो नियमित र निरन्तर अध्ययनकै कारणले छात्रवृत्तिमा नाम निकाल्न सम्भव भएका हौँ। भर्खरै पहिलो खुड्किलो पार गरेका छौँ। अब राम्रोसँग अध्ययन गरेर दिनदुःखी र गरिबीको दुष्चक्रमा परेका उपचार नपाएकाहरुको सेवा गर्ने रहर छ।'

आफ्नो जुम्ल्याहा भाइसँगै छात्रवृत्तिमा नाम निकालेका दाइ असिम राकीको पनि खुसीले हर्षित भएको बताउँछन्। 'अघिल्लो वर्षमा भएका गल्ती र कमजोरलाई हटाउँदै नयाँ जोश र उमङ्गले अध्ययन गरेकाले पनि यो वर्ष एमबीबीएसको इन्ट्रान्स परीक्षा क्र्याक गर्न सफल भएका हौँ', उनले भने। नसिम र आसिम राकी दुवै १० कक्षा वीरगञ्जकै सामुदायिक विद्यालय माईस्थान विद्यापिठबाट अध्ययन गरेका हुन्।

**–बाँकी अन्तिम पेजमा**

# 'खानेपानीको विद्यमान समस्या समाधान गर्न सरकार प्रतिबद्ध छ'

वीरगञ्ज, २३ भदौ। खानेपानीमन्त्री प्रदीप यादवले वीरगन्ज र आसपासका क्षेत्रमा देखिएको खानेपानीको समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताएको छ। जनता समाजवादी पार्टी (जसपा) वीरगन्ज महानगरपालिका-१६ एकाइ समितिले आइतबार यहाँ आयोजना गरेको कार्यकर्ता भेटघाट कार्यक्रममा मन्त्री यादवले जनतालाई स्वच्छ खानेपानी पुऱ्याउनु सरकारको पहिलो प्राथमिकता रहेको उल्लेख गरे।

"पानीको समस्याले जनतालाई सास्ती भइरहेको छ, यो विषयमा सरकार गम्भीर छ, दीर्घकालीन समाधानका लागि योजना बनाइरहेका छौँ", मन्त्री यादवले भने, "हामीले यो विषयमा ध्यान केन्द्रित गरेका छौँ र शीघ्र समाधान हुनेमा प्रतिबद्ध छौँ।" जनताको आशा र अपेक्षालाई सम्बोधन गर्न आगामी दिनमा थप प्रभावकारी योजनाहरू अघि बढाइने मन्त्री यादवको भनाइ छ। जसपाका उपमहासचिवसमेत रहनुभएका मन्त्री यादवले पार्टीको नीतिगत निर्देशनका आधारमा जनताको सेवा र कल्याणमा आफू निरन्तर सक्रिय रहेको बताए। जसपाले आगामी चुनावमा जनताको समर्थन पाउन सक्नेगरी सङ्गठनलाई सुदृढ बनाइने उनको भनाइ छ।

कार्यक्रममा वीरगन्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले स्थानीय विकास र जनसेवामा आफ्नो पूर्ण समर्पण रहेको बताए। उनले भने, "वीरगञ्जको समृद्धि र विकासका लागि आफूसँगै सबै कर्मचारी निरन्तर क्रियाशील छौँ। जनताको समस्या समाधान गर्नु हाम्रो पहिलो प्राथमिकता हो।" नगरप्रमुख सिंहले पार्टीको साझा उद्देश्यलाई साकार बनाउन कार्यकर्ता सबै एकतामा बाँधिएर जनताका आवश्यकतामा केन्द्रित भई काम गर्नुपर्नेमा जोड दिए। कार्यक्रममा जसपा वीरगन्ज महानगर समितिका सचिव फरिद आलम, जिल्ला सदस्य लालदेव यादव, वडा एकाइ समितिका अध्यक्ष अरुण यादव, सचिव श्यामसुन्दर चौरसिया, माजिद मियाँ, मुस्तफा आलम, कलिम मियाँ, प्रभु चौरसिया, सम्सुल हक मियाँ, आशिक आलमलगायत स्थानीय नेता र कार्यकर्ताको सहभागिता थियो।

# 'सहिदको सम्मानको लागी मधेश सरकार प्रतिबद्ध छ'

**देवराम प्रसाद यादव**

सप्तरी, २३ भदौ। मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले मधेस आन्दोलनका सहिदहरूको सम्मानको लागी मधेस सरकार प्रतिबद्ध रहेको बताएको छ। सहिद रामकृष्ण राउत स्मृति प्रतिष्ठान नेपालद्वारा सप्तरीको भारदहमा आइतबार सहिद रामकृष्ण राउतको नवौँ स्मृति सभालाई सम्बोधन गर्दै उहाँले सो प्रतिबद्धता व्यक्त गरेको हो। सो अवसरमा मुख्यमन्त्री सिंहले सहिदहरूको बलिदानबाट मधेश प्रदेश लगायतको संघीयता स्थापना भएको बताउनु हुँदै मधेशी जनताको अधिकार सुनिश्चित भएको बताए। मुख्यमन्त्री सिंहले सहिदहरूको बलिदानबाट प्राप्त उपलब्धिको रक्षा गर्दै संघीयता संकटमा परेकोले थप अधिकार प्राप्तिको लागि सहिदहरूले देखाएको दिशालाई आत्मसात् गर्दै संघर्षको विकल्प नरहेको बताए।

मधेस आन्दोलनका क्रममा प्रहरीको गोली लागेका रामकृष्ण राउत लगायतका मधेश आन्दोलनका वीर सहिदहरूको स्मरण गर्नुहुँदै मुख्यमन्त्री सिंहले राज्यको विभेदकारी नीति र मधेसी जनताको अधिकार सुनिश्चितताका लागि वीरगति प्राप्त गर्नु भएका परिवारप्रति सरकार अति संवेदनशील रहेको बताए। देश र जनताको लागि जीवन समर्पण गर्ने सहिद रामकृष्ण राउतको स्मृतिमा वार्षिक कार्यक्रम आयोजना गरेकोमा प्रतिष्ठानलाई धन्यवाद व्यक्त गर्नुहुँदै मुख्यमन्त्री सिंहले प्रतिष्ठानको विकासमा प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरे। सहिद परिवारलाई सीप मूलक तथा रोजगारमा जोड्ने बताउदै उनले सहिदको स्मरणका लागि भारदह अस्पतालको नाम सहिद रामकृष्ण राउत, राजीव राउत अस्पताल नामांकरण गर्ने तथा स्मारक निर्माणका लागि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

प्रतिष्ठानका अध्यक्ष राज कुमार राउतको अध्यक्षतामा सम्पन्न कार्यक्रम हनुमान नगर कंकालीनी नगरपालिकाका प्रमुख वीरेन्द्र माझी, वडाध्यक्ष सुरेन्द्र मण्डल, लक्ष्मी व्यापार संघ भारदहका अध्यक्ष कुन्दन मण्डल, पूर्व गाविस अध्यक्ष पवन कुमार मण्डल, लगायतकाले सहिदको सम्मानमा स्मारक निर्माणमा जोड दिए।

# सर्लाही सिँचाइ कार्यालयको सात कठ्ठा जग्गा अतिक्रमण

जनकपुरधाम, २३ भदौ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गत बागमती मनुस्मारा झाँझ सिँचाइ व्यवस्थापन कार्यालय कर्मैया, सर्लाहीको स्वामित्वमा रहेको सात कट्ठा सरकारी जमिन अतिक्रमणको चपेटमा परेको छ। स्थानीय हरिनारायण झाका छोराहरूले उक्त जग्गा आफ्नो रहेको दाबी गरेपछि सो कार्यालयले जमिनको सुरक्षाको माग गरेको हो। सर्लाहीको साविक गाविस सुन्दरपुर चौहदवा-८ हाल बरहथवा नगरपालिका-१३ स्थित कित्ता नं १८५ र १८८ को सात कट्ठा जमिनमा स्व झाका छोरा गंगाधर झा, प्रमोद झा, चन्द्रमोहन झा, चन्द्रवंशी झा र राजवंशी झाले आफ्नो भनी दाबी गरिरहेकोले विवाद उत्पन्न भएको कार्यालय प्रमुख रामदुलारी शरण भगतले जानकारी दिए।

उनीहरुले उक्त जमिनमा दाबी गरेपछि अख्तियार दुरुपयोग आयोगको कार्यालय बर्दिबास तथा जिल्ला प्रशासन कार्यालय सर्लाही मलगङ्वामा सिँचाइ व्यवस्थापन कार्यालयले आफ्नो प्रमाण तथा दाबीसहित सुरक्षाका लागि लिखित निवेदन पेस गरेको उनले उल्लेख गरे। रु तीन करोड मूल्य बराबरको सो जमिन विसं २०४० मा मन्त्रालयले सिँचाइ कार्यका लागि मुआब्जा वितरण गरेर अधिग्रहण गरेको थियो। जमिनको मूल्य बढेपछि ४० वर्षपछि उक्त जमिनमा विवाद सुरु भएको स्थानीय बताउँछन्। विसं २०४० अगाडि स्थानीय जमिन धनीहरुलाई मुआब्जा दिएर जग्गा अधिग्रहण गरिएको थियो। त्यसमा स्थानीय धेरैले आआफ्नो जमिन सिँचाइ कार्यालयको पूर्वाधार निर्माणका लागि बिक्री गरेर मुआब्जा लिएका थिए।

सोही क्रममा स्व हरिनारायण झाले पनि बिक्री गरेका कार्यालय प्रमुख भगतले बताउँदै विसं २०५० मा बागमती नदीमा आएको बाढीले सो कार्यालयका सम्पूर्ण कागजात नष्ट भएको जानकारी दिए। मालपोत कार्यालय बरहथवामा उक्त कित्ता नम्बरको जमिनको स्रेस्ता पाना च्यातिएकाले स्व झाका छोराहरूले सो जमिन आफ्नो भनी दाबी गरेका कार्यालयका कर्मचारीहरुले बताएका छन्। विवाद समाधानका लागि नापी कार्यालय बरहथवाको नापी टोली, सशस्त्र प्रहरी र नेपाल प्रहरीका साथै स्थानीय जनताको भेलाले सो जमिनका सम्बन्धमा मुचुल्का तयार गरिएको छ। सो क्रममा एक सयबढी स्थानीय, जल उपभोक्ता र सिँचाइका पुराना कर्मचारीको उपस्थिति थियो। मुचुल्का तयार गर्ने क्रममा उपस्थितले उक्त जमिन सिँचाइ कार्यालयको रहेको लिखितपत्रमा हस्ताक्षर गरेका प्राप्त विवरण निवेदनमा जनाइएको प्रमुख भगतले जानकारी दिए।

अधिग्रहण भएको जमिनमा निर्मित जस्तापाताको छानाले छाएको दुईतले ईँटा लगाएको जीर्ण पक्की घर र गार्डकोठा प्रमाणका रुपमा रहेका जनाइएको छ। स्व झाका छोराहरूले उच्च अदालत जनकपुरमा आफ्नो जमिन भएको दाबी गर्दै मुद्दा दायर गरेका छन्। साथै मालपोत कार्यालय बरहथवामा पनि आफ्नो हो भनि निवेदन दिएको मालपोत कार्यालयले जनाएको छ। सिँचाइ आयोजनाको निर्माण २०३९/४० देखि सुरु भई २०४४/४५ मा कार्यान्वयनमा आएको थियो। कार्यालयअन्तर्गत हीरापुर ब्यारेज मनुस्मारा सिँचाइ प्रणाली प्रथमबाट दुई हजार आठ सय हेक्टर तथा मानपुर ब्यारेज मनुस्मारा सिँचाइ प्रणाली दोस्रोबाट तीन हजार दुईसय हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याइँदै आइएको कार्यालय प्रमुख भगतले जानकारी दिए। उनका अनुसार उक्त सिँचाइ आयोजनाबाट छ हजार सात सय परिवारका ५० हजार जनता लाभान्वित भएका छन्। आयोजनाको निर्माणले हाल ४० हजार दुई सय ४४ मेट्रिकटन खाद्यान्न उत्पादन सुरु भएको भगतले जानकारी दिए।

*मुस्लिम समुदायका...*

उनीहरुले कक्षा ११ र १२ भने ललितपुरको प्रसादी एकेडेमीबाट अध्ययन गरेका थिए।

बुबा फिरोज आफैँ पनि मेकानिकल इन्जिनियरका रुपमा २५ वर्षभन्दा धेरै समय बिताए। अहिले भने उनी वीरगञ्जकै एक शिक्षण संस्थामा अध्यापन गराउँदै आइरहेका छन्। छोराछोरीलाई दुःखजिलो गरेर नै अध्ययन गराउँदै आइरहेको उनको भनाइ छ। 'मैले २५ वर्षभन्दा धेरै समय नेपालकै प्रतिष्ठित उद्योगी पद्म ज्योतिको हिमाल स्टिलमा काम गर्ने मौका पाए। त्यहाँ मैले परिवार र समाजलाई असल संस्कार दिने कुरा भने धेरै सिक्ने मौका पाए।' उनले विगत स्मरण गर्दै भने, 'अहिले पनि सामान्य खालकै घरमा बसोबास गर्दै आइरहेका छौँ। मलाई कहिल्यै पनि धन सम्पत्ति जोड्न भन्दा पनि सन्तानको पढाइलाई कसरी राम्रो गराउनेतर्फ मात्रै ध्यान दिदैँ आइरहे। अहिले त्यसैको नतिजा पाएजस्तो अनुभव भइरहेको छ।'

मदर्सा इस्लामिया प्रसोतिपुर, लालपर्साकी प्रध्यानाध्यापक समेत रहेकी आमा नसिमा प्रवीणले पनि असल संस्कारकै कारणले आफ्ना चारै सन्तानले चिकित्सा शिक्षा अध्ययन गर्ने अवसर पाएको दावी गरिन्। 'हामीले कहिल्यै पनि चारै जना सन्तानलाई डाक्टर नै बन्नुपर्छ भनेर दबाब दिएनौँ', उनले भनिन्, 'जेठी छोरी नबुले एमबीबीएसमा नाम निकालेपछि अन्य भाइले पनि दिदीको सिको गर्दै अघि बढ्दा यो सफलता हात पारेका हुन्।' फिरोजका जेठी छोरी डाक्टर नबु प्रविण युनिभर्सल कलेज अफ मेडिकल साइन्सेस भैरहवामा एमबीबीएसको अध्ययन सकेर अहिले इन्टनशीप गरिरहेकी छिन्। नबुले पनि २०७५ सालमा पैसा तिरेरै एमबीबीएस अध्ययन गरेकी हुन्।

त्यति मात्रै होइन, फिरोजका माइला छोरा समीर राकी पनि २०८० सालको एमबीबीएसको प्रवेश परीक्षामा पैसा तिरेर पढ्नेमा नाम निकालेर अहिले धरानस्थित बिपी कोइराला इन्स्टिच्युट अफ हेल्थ साइन्सेसमा पहिलो वर्षमा एमबीबीएस अध्ययनरत छन्। आमा नसिमा प्रविणले आफ्नो श्रीमान्को साथ र सहयोगकै कारणले आफूले पनि बीचैमा रोकिएको अध्ययनलाई अघि बढाउने अवसर पाएको सुनाउँछिन्। 'मेरो विवाह हुँदा आठ कक्षा मात्रै पढेको थिए', उनले भनिन्, 'श्रीमान्कै प्रेरणाकै कारणले रोकिएको पढाइलाई फेरि निरन्तरता दिने मौका पाए। यसका कारणले कारणले अहिले मदर्सा विद्यालयको नेतृत्व पनि हाँकिरहेको छु।' अहिले पनि मुस्लिम समुदायका व्यक्तिहरुले आफ्ना छोराछोरीलाई शिक्षादीक्षा दिने विषयमा कञ्जुस्याइँ गरिरहेको उनी गुनासो गर्छिन्। 'मुस्लिम समुदायमा अझै पनि छोराछोरीलाई पढाइलेखाइ त्यति धेरै चासो नदिँदा धेरै पछाडि परिरहेको अनुभूति गरेका छौँ', उनले भने, 'छोरा होस् या छोरी दुवैलाई असल शिक्षा दिन कोही पनि पछि हट्नु हुँदैन।'

बुबा राकीले आफ्नो परिवारका सदस्यलाई असर संस्कार र पढ्ने वातावरण तयार पार्न सबै बुबाआमा लाग्नुपर्ने सुझाव दिन्छन्। 'संस्कार माला जस्तै किनेर पाइँदैन', उनले भने, 'जुनसुकै अभिभावकले पनि आफ्नो छोराछोरीको चाहना र आकाङ्क्षाअनुसार नै अघि बढ्ने वातावरण मात्रै तयार गर्ने हो। आफ्नो भविष्यको ढोका त छोराछोरीले नै खोल्ने हो।' आफ्ना चारवटै सन्तानले वरिष्ठ चिकित्सक गोविन्द केसीको पद्चाप पछ्याइदिएको खण्डमा खुसी हुने बताउँछन्। 'मेरा चारै सन्तानले बरिष्ठ चिकित्सक केसीले जस्तै असहाय र गरिबी जनतालाई स्वास्थ्यउपचार गरन भन्ने चाहना रहेको छ', उनले भने, 'असल शिक्षा र वातावरण दिएकाले पक्कै पनि सो पद्चाप अँगाल्छन् भन्ने आशा र विश्वास लिएको छु।'


**बर्षातको समयमा पानीजन्य संक्रमण रोगहरुको जोखिम बढी हुने भएकाले खानपिन तथा सरसफाइमा विशेष ध्यान दिऔं।**

## आवश्यकता

यस उदय अटोमोबाईल्स TVS शो रुम गोलबजारका लागि निम्न कर्मचारी तत्काल आवश्यक रहेको हुँदा ईच्छुक व्यक्तिहरुले तत्काल सिधा सम्पर्क गर्न सक्नु हुनेछ।

1. **Accountant : १ जना**
योग्यता : Min. Bachelor in management
Tally / Computer सम्बन्धी अनुभवी
2. **Supervisor : १ जना**
योग्यता : Min. Bachelor in management
Automobiles Sector मा कम्बोमा ३ वर्षके अनुभवी।
3. **Parts का लागि : १ जना**
योग्यता: 10+2 Pass
Spare parts सम्बन्धी कम्तीमा २ वर्षको अनुभवी
4. **Full मेकोनिक : ४ जना**
अटोरिक्सा र Bike को काम सम्बन्धमा कम्तीमा ५ वर्षको अनुभव भएको।
5. **मेकेनिक/हेल्पर : ४ जना**
अटोरिक्सा र Bike को काम सम्बन्धमा कम्तीमा २ वर्षको अनुभव भएको।

**तलब सुविधा : आपसी समझदारी अनुसार।**

सम्पर्क नं. **उदय अटोमोबाईल्स, गोलबजार**
मो.नं. 9819690187 | 9842410058

## बाढीपहिरोबाट जोगिऔ

जथाभावी सडक निर्माण, खोला उत्खनन् र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदाः

- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं,
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं,
- बस्ती तथा समुदायको रक्षा गरौं,
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं,
- घर बनाउने स्थान बाढी तथा पहिरोको जोखिममा भए नभएको एकीन गरौं। बाढीपहिरोबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं

नेपाल सरकार
**विज्ञापन बोर्ड**


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)